सरुमारानी गाउँपालिका

# मासिक ई-बुलेटीन

अकं २८ संवत २०८२ साल फाल्गुन ०१ गते https://sarumaranimun.gov.np

## विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण सम्पन्न

सरूमारानी गाउँपालिका तथा प्रतिबद्ध परियोजनको सहकार्यमा आज मिति २०८२ साल माघ ८ गते महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि विपद् व्यवस्थापन सम्बन्धी अभिमुखीकरण कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। स्थानीय स्तरमा आइपर्ने प्राकृतिक तथा अन्य विभिन्न विपद्का समयमा स्वयंसेविकाहरूको भूमिकालाई थप प्रभावकारी र जिम्मेवार बनाउने उद्देश्यले आयोजना गरिएको यस कार्यक्रममा गाउँपालिका अध्यक्ष, विपद् सम्पर्क व्यक्ति र स्वास्थ्य संयोजकको विशेष उपस्थिति रहेको थियो। कार्यक्रममा पालिकाका ६ वटा वडा बाट स्वयंसेविका सहित कुल ३५ जनाको सक्रिय सहभागिता रहेको थियो, जहाँ उहाहरूलाई विपद्का बेला अपनाउनुपर्ने सावधानी, प्राथमिक उपचार र समुदायमा सचेतना फैलाउने विधिहरूका बारेमा प्रतिबद्ध टीम बाट विस्तृत प्रशिक्षण प्रदान गरिएको थियो। यस कार्यक्रमले समुदाय तहमा विपद् प्रतिकार्य क्षमतालाई थप मजबुत बनाउन महत्वपूर्ण भूमिका खेल्ने विश्वास लिइएको छ।





# विदाई तथा फेरि भेटौला कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत श्री त्रिविक्रम खड्का ज्यूको अध्यक्षता, प्रशासकीय अधिकृत, शाखा प्रमुख ,वडा कर्मचारी लगायत सम्पूर्ण कर्मचारीहरूको उपस्थितिमा लामो समय सम्म कार्यरत शिक्षा शाखा प्रमुख श्री पुष्पलाल शाही ज्यूको विदाई कार्यक्रम सम्पन्न भएको छ । उहाँ कोहलपुर नगरपालिकामा सरुवा भई जान लाग्नु भएको हो। साथै नयाँ नियुक्ति हुनुभएका कर्मचारीहरूको स्वागत समेत गरिएको थियो।









# कार्यशाला गोष्ठी सम्पन्न




सरूमारानी गाउँपालिकाको आयोजनामा र जनताका लागि उर्जा तथा वातावरण विकास संस्था (PEEDA)को सहजिकरणमा गा.पा अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा ,उपाध्यक्ष बसन्ता खड्का,प्रमुख प्रशासकीय अधिकृत त्रिबिक्रम खड्का,वडा अध्यक्षहरू,कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरू,अन्य सरकारी तथा गैर सरकारी संघ संस्थाका प्रतिनिधिहरू र सामुदायिक वन तथा कृषि समुहका प्रतिनिधिहरूको सहभागीतामा "LoCAP परियोजनाको प्रगति, स्थानीय अनुकुलन योजना(लापा) मस्यौदा प्रस्तुति तथा पृष्ठपोषण कार्यशाला गोष्ठी" बहुँउद्देश्यीय सभाहल बड्डाँडामा मिति २०८२-१०-१३ गते सम्पन्न भएको छ ।उक्त कार्यशालामा स्वागत कार्यक्रम व्यवस्थापक शंकर भट्ट,प्रगति समीक्षा प्रतिवेदन प्रस्तुत फिल्ड संयोजक मोहन सुवेदी र लापाको मस्यौदा सम्वन्धी सहजिकरण जलवायु अधिकृत उषा सिं ठकुरीले गर्नु भएको थियो भने संचालन फिल्ड सहजकर्ता हिरा थापाले गर्नु भयो ।



# त्रैमासिक समिक्षा कार्यक्रम सम्पन्न

सरूमारानी गाउँपालिकाको आयोजनामा गा.पा अध्यक्ष झग बहादुर विश्वकर्माको अध्यक्षतामा,उपाध्यक्ष बसन्ता खडका,प्रमुख प्रशासकिय अधिकृत त्रिबिक्रम खड्का , वडा अध्यक्षहरू, कार्यपालिका सदस्यहरू,शाखा प्रमुखहरू,प्रहरीहरू ,नगर प्रहरीको उपस्थितिमा "प्रतिबद्व परियोजनाको त्रैमासिक समीक्षा कार्यक्रम " बहुउद्देश्यीय सभाहल बड्डाँडामा सम्पन्न भएको छ ।उक्त त्रैमासिक समीक्षा कार्यक्रममा प्रतिवेदन प्रस्तुत तथा सहजिकरण People in Need का अधिकृत विनोद सुनार र CSRC का अधिकृत गोपाल सिं जिसिले गर्नु भएको थियो ।








# मानसिक स्वस्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सम्पन्न

सरुमारानी गाउँपालिकाको आयोजनामा मानसिक स्वास्थ्य सम्बन्धी जनचेतना कार्यक्रम सरुमारानी गाउँपालिकाका सबै वडा तथा समुदायहरूमा सफलतापूर्वक सम्पन्न भएको छ। उक्त कार्यक्रमको सहजिकरण मनोसामाजिक परामर्शकर्ता सृजना तिमिल्सीनाले गर्नुभएको थियो। कार्यक्रममा मानसिक स्वास्थ्यको महत्व, मनोसामाजिक समस्या पहिचान तथा समाधानका उपायहरूबारे सहभागीहरूलाई जानकारी गराइएको थियो।









सम्पर्क नं:

अध्यक्षः झग बहादुर विश्वकर्मा (९८४७९६१३५९)

उपाध्यक्षः बसन्ता खड्का (९८४४९१८५८४)

प्रमुख प्रशासकीय अधिकृतः त्रिविक्रम खड्का (९८५७८३६०२२)

सूचना अधिकारी:शिव राज न्यौपाने (९८५७८६८०२७)

## प्रकाशकः

## सरुमारानी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
## बड्डाँडा,प्यूठान ।

facebook: https://www.facebook.com/SarumaraniGapa
website:sarumaranimun.gov.np
email:sarumarani2073@gmail.com
phone no:9857836022